


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १० गते सोमबार ❑ 24 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## विपक्षी दलले सांसद्को नागरिकतासहित हस्ताक्षर संकलनसहित रिट दायर गर्ने

रासस
काठमाडौं, ९ जेठ

प्रतिनिधिसभा विघटनको विपक्षमा उभिएका विपक्षी राजनीतिक दलका सांसदले सर्वोच्च अदालतमा रिट दायरका लागि हस्ताक्षर सङ्कलन गरेका छन्।

नयाँ बानेश्वरस्थित संसद् भवनमा उपस्थित भएका नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले) को माधव नेपाल समूह, जनता समाजवादी पार्टी (जसपा)का उपेन्द्र यादव र बाबुराम भट्टराई पक्ष तथा राष्ट्रिय जनमोर्चाका सांसदले हस्ताक्षर जुटाएका हुन् । हस्ताक्षरसँगै उनीहरूको नागरिकताको प्रतिलिपिलगायत कागजात सङ्कलन गरिएको छ । सङ्कलन गरिएको हस्ताक्षरसहितको रिट निवेदन आइतबारनै सर्वोच्च अदालतमा दर्ता गर्ने तयारी गरिएको भए पनि समय अभावका कारण भोलि बिहान पहिलो सत्रमा दर्ता गरिने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जानकारी दिए।

काँग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीको रूपमा प्रस्ताव गर्ने १४९ सांसदले रिट निवेदनमा हस्ताक्षर गरेको उनले जानकारी दिए। "यही जेठ ७ गते देउवालाई प्रधानमन्त्रीका रूपमा समर्थन गर्दै हस्ताक्षर बुझाउने १४९ को सूचीमा हस्ताक्षर नगर्नेमध्ये पनि केही सांसद् थपिनुभएको छ, त्यसमा घट्नु भएको छैन", अध्यक्ष दाहालले भने, "१४९ मा आज केही साथीहरू थपिनुभएको छ। रिटको मस्यौदा तयार भइरहेको छ । मस्यौता अन्तिम अवस्थामा पुगेको छ। भौतिकरूपमा उपस्थित भएर भोलि अदालतमा रिट लिएर जाने तयारी गरेका छौं ।" उनले नागरिकता सङ्कलन र त्यसको प्रतिलिपि तयार गर्ने काम करिबकरिब सकिएको बताए । "बेलुकासम्म सकिन्छ, आजै जाने तयारी थियो, समय अभावका कारण भ्याइएन, भोलि बिहान पहिलो सत्रमै अदालत जानेछौं", अध्यक्ष दाहालले भन्नुभयो।

काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संसद्बाट प्रधानमन्त्री नियुक्त हुनका लागि आवश्यक पर्ने बहुमत सांसदको हस्ताक्षरसहितका विवरण सङ्कलन भइसकेको जानकारी दिए। काँग्रेसकानेतारमेशलेखकले विपक्षी दलहरूले प्रतिनिधिसभा विघटनविरुद्ध राजनीतिक र कानूनी लडाइँ लड्ने निर्णय गरिसकेकाले सोहीअनुसार कदम चाल्ने बताए। एमाले नेता घनश्याम भुसालले प्रतिनिधिसभालाई जीवन्त बनाउन आफूहरूले संसदीय मर्यादाभन्दा बाहिर जानु परेको बताए। पार्टीभित्र देखिएको खराब प्रवृत्ति रोक्न देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्नु परेको उनको भनाइ थियो।

नेपालको संविधानको धारा ७६ (५) अनुसार काँग्रेस, माओवादी, एमाले नेपाल समूह, जसपा र राष्ट्रिय जनमोर्चाका सांसदले काँग्रेस सभापति देउवालाई प्रधानमन्त्रीमा १४९ सांसदको समर्थन रहेको भन्दै राष्ट्रपति कार्यालयमा दाबी पेश गरेका थिए । त्यस्तै प्रधानमन्त्री केपी शर्मा ओलीले पनि आफूलाई १५३ सांसद्को समर्थन रहेको दाबी पेश गरेका थिए।

राष्ट्रपति कार्यालयले दुबै पक्षको दाबीमा संलग्न सांसदको हस्ताक्षर दोहोरिएको भन्दै धारा ७६(५) अनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मन्त्री गुरुङद्वारा शपथ




पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

गण्डकी प्रदेशका नवनियुक्त युवा तथा खेलकूदमन्त्री राजीव गुरुङले आज मन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

प्रदेश प्रमुख सीताकुमारी पौडेलले मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको उपस्थितिमा उहाँलाई शपथ ग्रहण गराउनुभएको हो । प्रदेश प्रमुखको सरकारी निवासमा आयोजित शपथ ग्रहण समारोहमा उपसभामुख सिर्जना शर्मा, प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य तथा सरकारी उच्चपदस्थ अधिकारीको उपस्थिति थियो।

गुरुङ यहीं जेठ ५ गते बुधबार गराएको शपथ ग्रहण समारोहमा काठमाडौं भएका कारण उपस्थित हुनसक्नुभएको थिएन । नेकपा (एमाले)को समर्थनमा मनाङको प्रदेश (ख) बाट स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित गुरुङ यसअघिको प्रदेश सरकारको पनि केही दिन युवा तथा खेलकूदमन्त्री हुनुभएको थियो।

## गण्डकीमा १४६ संक्रमित थपिए, १७ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

पोखराका अस्पतालहरुमा उपचाररत ११ जनासहित गण्डकी प्रदेशमा १७ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। मृतकहरु सबैको पछिल्लो २४ घण्टामा अस्पतालहरुमा उपचारको क्रममा मृत्यु भएको हो।

मृतकहरु कास्की जिल्लाका २ जना, स्याङजाका ४ जना, म्याग्दी जिल्लाका ३ जना, पर्वतका १ जना, तनहुँ जिल्लाका १ जना, गोरखाका २ जना, नवलपुरका १ जना, लमजुङका १ जना, सिन्धुलीका १ जना र भारतका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ५३१ पुगेको छ। पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप २९५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । आइतबार कास्कीमा १६२ जना पुरुष तथा १३३ जना महिला गरी २९५ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ८८५ जनाको नमुना परीक्षण गरिएकोमा थप ९४६ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका २९५ सहित म्याग्दीका १८१ जना, स्याङजाका ९० जना, बाग्लुङका ९५ जना, पर्वतका १८ जना, तनहुँका ६१ जना, गोरखाका १७१ जना, लमजुङका ८ जना र नवलपुरका २५ मुस्ताङका २ जना गरी प्रदेशका दश जिल्लामा ५०३पुरुष तथा ४४३ जना महिलामा कोरोना पुष्टि भएको हो।

योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३४ हजार ५८२ पुगेको छ पछिल्लो २४ घण्टामा ६९९ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २३ हजार ७६७ पुगेको छ।

## 'एक व्यक्ति एक अक्सिजन सिलिन्डर अभियान'

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

पोखरा चेम्बर अफ कमर्स कास्कीले 'एक व्यक्ति एक अक्सिजन सिलिन्डर अभियान' सञ्चालन गरेको छ।

कोरोना महामारीका कारण सिर्जित अक्सिजन सिलिन्डर अभावका कारण बिरामीले अकालमा ज्यान गुमाउनु परेको अवस्थालाई ध्यानमा राखी सो अभियान सञ्चालन गरिएको जनाइएको छ। अभियानअन्तर्गत कास्की पोखरा समाज जापानको सहयोगमा रु सात लाख बराबरका ५० वटा सिलिन्डर उपलब्ध गराइसकेको र आर्थिक सहयोग जुटने क्रम जारी रहेको चेम्बरका अध्यक्ष किसान सुनारले जानकारी दिए। उनले आइतबार प्रेस विज्ञप्ति जारी गरी सङ्कलित आर्थिक सहयोगबाट कास्कीका विभिन्न स्थानीय तहलाई एक हप्ताभित्र स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिन्डर हस्तान्तरण गरिने योजना रहेको बताएकी छन् । यसअघि पोखरा चेम्बरले दोस्रो चरणको कोरोना महामारी व्यवस्थापनमा सामाजिक उत्तरदायित्वअन्तर्गत हेल्प डेक्स स्थापना गरी कार्य प्रारम्भ गरिसकेको कार्यक्रम संयोजक प्रेम सुवेदीले जानकारी दिए । हेल्प डेस्कमार्फत विभिन्न समिति निर्माण गरी दोस्रो चरणको कोरोना महामारी व्यवस्थापनमा स्थानीय तहलाई सहजीकरण तथा आम नागरिको जीवन रक्षाका लागि यसबीचमा अत्यावश्यक वस्तु तथा सेवा सञ्चालन गर्ने व्यवसायलाई सहजीकरण गर्ने कार्य समेत गर्दै आएको छ।

## राष्ट्रपति र प्रधानमन्त्री पदको चरम दुरुपयोग गर्दै संविधान मास्न उद्दत - कास्की काँग्रेस

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

नेपाली काँग्रेस कास्कीले राष्ट्रपति र प्रधानमन्त्रीले असंवैधानिक, आलोकतान्त्रिक, अधिनायकवादी र सर्वसत्तावादी कदम चालेकोप्रति निन्दा गरेको छ।

राष्ट्रपति र प्रधानमन्त्रीको बद्नियतपूर्ण ढंगले मिलेमतोमा षडयन्त्र भैरहेको भन्दै आपत्ति जनाएको छ। कास्की काँग्रेसका सभापति कृष्ण केसीद्वारा जारी विज्ञप्तिमा राष्ट्रपति र प्रधानमन्त्रीले पदको चरम दुरुपयोग गर्दै संविधान मास्न उद्दत भएको उल्लेख छ।

जनताको आस्थाको केन्द्र संविधान जस्तो सार्वजनिक दस्तावेजलाई राष्ट्रपति र प्रधानमन्त्रीले निजी सम्पत्तीका रुपमा आफू अनुकुल प्रयोग गरेको भन्दै आपत्ति जनाइएको छ।

दावी गर्न नमिल्ने माननीय केपी शर्मा ओलीलाई प्रधानमन्त्री नियुक्त गरिएकोमा भर्त्सना गरिएको छ। विज्ञप्तिमा संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षाको लागि सम्पूर्ण लोकतान्त्रिक शक्तिलाई एकजुट हुन आव्हान गरिएको छ।

यसैबीच, नेपाली काँग्रेस कास्कीले नेपाली काग्रेस क्षेत्र नं २(ख) कास्कीका अगुवा नेता तथा कार्यकर्तासँग आइतबार गरेको जुम बैठकले राष्ट्रपति र प्रधानमन्त्रीको कदमको निन्दा गरेको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिए।

## अध्यादेश जारी भएपछि खुशियाली

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

नेपाल नागरिकता (पहिलो संशोधन), २०७८ अध्यादेश जारी भएका खुशीयालीमा आइतबार साँझ मैनबत्ती प्रज्वलन गरिएको छ। संसद्मा नागरिकता विधेयकका रूपमा पेश भएको र विचाराधीन रहेको सो अध्यादेश जारी भएका खुशियालीमा राजविराजसहित विभिन्न ठाउँमा स्वागत गरिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एकै दिन झण्डै १५० आरोही सगरमाथा चढे

रासस
काठमाडौं, ९ जेठ



वसन्तयामको जारी सगरमाथा आरोहण क्रममा आइतबार एकै दिन झण्डै १५० आरोहीले सगरमाथा आरोहण गरेका छन्।

आरोहणका लागि अनुकूल मौसम भएपछि शनिबार राति चुचुरातर्फ लागेका १५० भन्दा बढी आरोही आइतबार बिहान सगरमाथाको शिखरमा पुगेको आधार शिविरमा रहनुभएका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठले जानकारी दिए।

पर्यटन विभागबाट खटिएका सम्पर्क अधिकृत श्रेष्ठले कुरा गर्दै अहिलेसम्म १५० भन्दा बढीले आरोहण गरेको खबर आएको बताए । "मौसम राम्रो भएकाले उल्लेख्य सङ्ख्याका आरोही चुचुरातर्फ गएका थिए, १५० भन्दा बढीले आरोहण गरिसकेको खबर आएको छ, अझै केही आरोहण जारी छ", उनले भने । मौसमले साथ दिए आगामी २८ र २९ तारिख सर्वाधिक आरोहण हुने जनाइएको छ । अहिले विश्व कीर्तिमानी कामीरिता शेर्पा २६औं पटकको आरोहणका लागि आधार शिविरमा हुनुहुन्छ । अझै पनि बाक्लो सङ्ख्यामा आरोही सगरमाथा आरोहणका लागि आधार शिविरमा रहेका सम्पर्क अधिकृत श्रेष्ठले बताए।

यसअघि प्रतिकूल मौसमका कारण एक साता सगरमाथा आरोहण प्रभावित बनेको थियो। वसन्तयामको जारी आरोहणका क्रममा पूर्वीमध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात ताउकेका कारण नेपालको मौसम बिग्रिएपछि सगरमाथासहितका हिमाल आरोहण प्रभावित बनेको थियो । वसन्तयामको सगरमाथा आरोहण गत वैशाख २४ गतेदेखि शुरु भयो।

कामिरिता शेर्पा नेतृत्वको १२ जनाको टोलीले सगरमाथाको चुचुरामापुगेरडोरीटाँगे (रोप फिक्सिङ) सँगै सगरमाथाको व्यावसायिक आरोहण शुरु भएको थियो । पर्यटन विभागले सगरमाथाका लागि सर्वाधिक ४३ आरोही समूहलाई आरोहण अनुमति दिएको छ। यो सङ्ख्या सन् २०१९ को वसन्तयामको भन्दा बढी हो । वसन्तयामको हिमाल आरोहणमा ७९ देशका ८६ आरोही समूहमा जम्मा ७७४ आरोहीले आरोहण अनुमति लिएका छन्।



# रेडियो सराङ्कोट अभियान, माहामारीका बिच ३० प्वाइन्ट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

कोरोना माहामरीका कारण रगत अभावलाई मध्यनजर गर्दै गरिएको रक्तदानमा ३० प्वाइन्ट रगत संकलन भएको छ। कार्यक्रम रेडियो सराङ्गकोट को रगत संकलन अभियान अन्तरगत सुविधा बचत ऋण सहकारी संस्थाको संयोजनमा भएको हो।



माहामरीको विचमा आवश्यक मात्रामा रगत सङ्कलन हुन नसक्दा रक्त संचार केन्द्रमा रगत अभाव पुरा गर्न रेडियो द्धारा जेष्ठ महिनाभर पोखराका अन्य संघसंस्था संग समन्वय गरी रगत संकलन गरिने रेडियोका कार्यकारी निर्देशक कृष्ण थापाले बताए।

कोरोना माहामरीका रुपमा रहेकोले सबै सचेत हुदै , संस्थाबाट सहयोग सहित रगत सङ्कलन र थप सहयोग कार्य अन्तरगत स्वास्थ्य सामाग्री सहित लायन्स कोभिड अस्पताललाई बेड हस्तान्तरण सगै सचेतना कार्यक्रम गर्ने योजना रहेको सराङ्गकोट बहुउद्देश्य सहकारी संस्थाका अध्यक्ष प्रेम बहादुर जि.सी ले बताए । २०५७ मा स्थापना भई बचत तथा ऋण कार्य संगै, सामाजिक सहकार्यमा सहकारी सधैं सकृय रहेको सुविधा बचत तथा ऋण सहकारी संस्थाका प्रमुख शुसिल कुमार बिजुक्छेले बताए।

आवश्यक स्वास्थ्य मापदण्डको पुर्ण पालना गर्दै भएको कार्यक्रममा रत्तसंचार केन्द्रमा प्रमुख अर्जुन ज्ञवालीले रगतको विकल्प अन्य औषधि उपचार नभएकाले रत्तदान महत्वपुर्ण रहेको साथै बर्तमान अवस्थामा रत्तदान थप जिम्मेवारीपुर्ण रहेको बताए।

सुविधा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अशोक श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा पुर्व अध्यक्ष गणेश बहादुर अधिकारी, सृजना विकास केन्द्रका सचिव विश्व श्रेष्ठ, रेडियो सराङ्गकोटका निर्देशक चिन्तामणि बास्तोला, राममणि पौडेल, संस्थाका सचिव राजु पौडेल सहायक प्रवन्धक राजिव खिचाजु लगायतले आ आफ्ना धारण राखेका थिए।



ढुंगाकै छानोः कास्कीको पर्यटकीय गाउँ ल्वाङमा परम्परागत रुपमा चन्दै आएको ढुंगाको छानो छाउने कामलाई निरन्तरता दिन ढुंगाको छपनी बोक्दै गरेका स्थानीय मजदुरहरु । पछिल्लो समयमा ढुंगाले घर छाउने परम्परा विस्तारै हट्दै गएको छ । तष्विरः पोखरापत्र

# थप सात हजार ९१४ जनामा संक्रमण, १९३ मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ

नेपालमा थप सात हजार ९१४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै सङ्क्रमितको सङ्ख्या पाँच लाख १३ हजार २४१ पुगेको छ।

थप १८ हजार ९६५ जनाको पिसिआर परीक्षण तथा ९३१ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो । पिसिआर विधिबाट सात हजार ५९८ तथा एन्टिजेनबाट ३१६ जनामा सङ्क्रमण पुष्टि भएको हो । हालसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २९ लाख १६ हजार ४६८ जना पुगेको छ । हाल ८७३सङ्क्रमित क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो । हालसम्म तीन लाख ९१ हजार ३४८ जना कोरोनामुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर सात हजार ६६४ सङ्क्रमित निको भएर घर फर्किएका छन् । निको हुने दर ७६ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

काठमाडौँ उपत्यकामा पछिल्लो समय दुई हजार ८२१ सङ्क्रमित थपिएका छन्। काठमाडौँमा एक हजार ७६१, ललितपुरमा ६९४ र भक्तपुरमा ३६६ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

काठमाडौँमा हाल सक्रिय सङ्क्रमितको संख्या १७ हजार ८७९ रहेको छ । हालसम्म कोरोनाबाट एक लाख ५८ हजार १७ संक्रमित निको भएका छन् भने एक हजार ४२९७ सङ्क्रमितको मृत्यु भएको छ । यस्तै ललितपुरमा हाल ६ हजार ८४५ सक्रिय सङ्क्रमित रहेका छन् । हालसम्म २३ हजार ४५५ सङ्क्रमित निको भएका छन् भने कोरोनाबाट ३७७ सङ्क्रमितको मृत्यु भएको छ । यस्तै भक्तपुरमा चार हजार ८०१ सक्रिय सङ्क्रमित छन् । निको हुनेको सङ्ख्या १३ हजार २७८ रहेको छ भने २७९ सङ्क्रमितले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

सङ्क्रमणबाट थप १९३ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको संख्या ६ हजार ३४६ पुगेको मन्त्रालयले जनाएको छ। शनिबार कोरोनाबाट १२९ सङ्क्रमितको मृत्यु भएको थियो।

## विपक्षी...

प्रधानमन्त्रीका रूपमा नियुक्त हुने आधार नपुगेको भन्दै दुवै दाबी खारेज गरिदिएको थियो । राष्ट्रपति कार्यालयले दाबी खारेज गरेसँगै मन्त्रिपरिषद् बैठकले संसद् विघटनको सिफारिश गरेको थियो । मन्त्रिपरिषद्को सिफारिशमा शुक्रबार राति राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेपछि एमालेको संस्थापन पक्षबाहेकका राजनीतिक दल विरोधमा उत्रिएका छन् ।

विपक्षी दलको शनिबार बसेको संयुक्त बैठकले संसद् विघटनको विरुद्ध राजनीतिक प्रतिवाद र कानूनी लडाईं लड्ने घोषणा गरेको थियो । सरकारले आगामी कात्तिक २६ र मंसिर ३ गते प्रतिनिधिसभाको मध्यावधि निर्वाचनको घोषणा गरेको छ।

# भारतमा एकै दिनमा साढे दुई लाख संक्रमित, ३७ सयको मृत्यु

रासस
काठमाडौं, ९ जेठ

भारतमा कोरोना भाइरसबाट एकै दिन झण्डै साढे दुई लाख नयाँ सङ्क्रमित थपिएका छन् ।

सरकारी अधिकारीहरुले आइतबार बिहान दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ४० हजार ८४२ जना नयाँ सङ्क्रमित थपिएका हुन् । त्यसैगरी सोही अवधिमा अरु तीन हजार ७४१ जनाको कोरोनाभाइरसको संक्रमणका कारण मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

पछिल्लो एक दिनमा भारतमा तीन लाख ५५ हजार १०२ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको पनि मन्त्रालयको तथ्याङ्क छ। मन्त्रालयको विवरण अनुसार नयाँ सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या एक लाखभन्दा बढी रहेको छ । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुइ करोड ६५ लाख ३० हजार १३२ रहेको छ जसमध्ये २८ लाख पाँच हजार ३९९ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् ।

भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म कुल मृतकको सङ्ख्या दुई लाख ९९ हजार २६ पुगेको छ। कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेकाहरुको सङ्ख्या भने अहिलेसम्म दुई करोड ३४ लाख २५ हजार ४६७ पुगेको छ । कोरोनाभाइरसबाट अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्यामा महाराष्ट्र राज्यलाई कर्नाटकले उछिनेको छ । यसअघि लामो समयसम्म सबैभन्दा धेरै सङ्क्रमितहरु रहेको राज्यमा महाराष्ट्र राज्य रहँदै आएको थियो । अहिले कर्नाटक राज्यमा चार लाख ८३ हजार २०४ जना सक्रिय सङ्क्रमितहरु रहेका छन् भने महाराष्ट्र राज्यमा तीन लाख ५२ हजार २४७ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतमा अहिलेसम्म ३२ करोड ८६ लाख सात हजार ९३७ पटक कोरोना परीक्षण गरिएको छ। ती मध्ये २१ लाख २३ हजार ७८२ जनाको शनिबार परीक्षण गरिएको हो । कोरोनाभाइरसविरुद्धको खोप लगाउने अभियान पनि भारतमा तिव्ररुपमा भइरहेको छ । संघीय स्वास्थ्य मन्त्रालयले अहिलेसम्म १९ करोठ ५० लाख चार हजार १८४ खोप उपयोग भएको जनाएको छ । भारतमा एकातिर खोप अभियान चलिरहेको छ भने अर्को तर्फ दैनिक हजारौको मृत्यु र लाखौं सङ्क्रमित हुने क्रम पनि चलिरहेको छ । यसैबीच, विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर कोरोनाभाइरसको संक्रमणबाट हालसम्म ३४ लाख ६८ हजार पुगेको छ । कोभिड-१९ बाट सर्वाधिक असर परेका मुलुकहरुमा संयुक्तराज्य अमेरिका, ब्राजिल र भारत रहेका छन् ।

प्राप्त विवरण अनुसार संयुक्तराज्य अमेरिकामा हालसम्म ६ लाख ३ हजार, ब्राजिलमा ४ लाख ४८ र भारतमा २ लाख ९९ हजारको ज्यान गएको छ ।

# पाँचौँ दिनमा रोकियो भूकम्पको धक्का

पोखरापत्र संवाददाता
लमजुङ, ९ जेठ

लमजुङमा पाँचौ दिनमा भूकम्पको धक्का रोकिएपछि मर्स्याङ्दी गाउँपालिकाका वासिन्दा सुरक्षित भएको महशुस गरेका छन् ।

जिल्लाको भुलभुले केन्द्रविन्दु बनाएर गत बुधबार बिहान ५ बजेर ४२ मिनेटमा ५ दशमलव ८ रेक्टर स्केलको भूकम्प गएयता पटकपटक गरी शनिबार साँझ ६ बजेर १८ मिनेटसम्म नै धक्का गएपनि त्यसयता कुनै धक्का महशुस गरिएको छैन ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले विस्तारै भूकम्पको परकम्पन्न हराउँदै जाने जनाएको छ । जिल्लामा बुधबारदेखि शनिबारसम्मको अवधिमा १०० वटा सानाठूला भूकम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका भूकम्पविद् मुकुन्द भट्टराईले जानकारी दिए ।

त्यस्तै, चार रेक्टरभन्दा माथिका छ वटा र सोभन्दा कमका ९४ वटा भूकम्प गएको उक्त केन्द्रले जनाएको छ । केन्द्रका अनुसार जिल्लामा अन्तिम पल्ट शनिबार साँझ ६ बजेर १८ मिनेट जाँदा २ दशमलव ९ रेक्टर स्केलको भूकम्प गएको थियो । त्यसयता कुनै पनि भूकम्पको धक्का भने जिल्लावासीले गरेका छैनन् ।

बुधबार बिहान गएको भूकम्पले मानवीयदेखि भौतिक संचरनामा क्षति पुगेको छ । जिल्लाका स्थानीयहरू पटकपटक दिनरात नै भूकम्पको धक्का गएपछि त्रसित भएका थिए । पटकपटक आएको भूकम्पको धक्काले कुनैपनि बेला ज्यान जाने हो कि भनेर शनिबारसम्म स्थानीयवासी त्रसित भएर बस्न बाध्य भएपनि आज बिहानैबाट कुनै धक्का महसुश गर्न नपरेपछि अब भने केही हुँदैन भनेर खुशी भएका छन् । स्थानीय वासिन्दा बुधबार रातिदेखि घर बाहिर सुत्न बाध्य थिए । रातिको समयमा समेत शुक्रबार रातिसम्म जिल्लामा पटकपटक भूकम्पको परकम्पन गएको थियो । जिल्लामा चार दिन र तीन रात पटक पटक भूकम्पको धक्का महशुस भइरहेको थियो ।

जिल्लामा सो भूकम्प जाँदा २०८ घर पूर्ण क्षति र २०० घरमा आंशिक क्षति पुगेको प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले बताउनुभयो । उहाँका अनुसार जिल्लाका छ जना घाइते भएका थिए । भूकम्प पीडितलाई तत्कालका लागि प्रशासनबाट केही राहत सामग्रीहरू पनि वितरण गरिरहेको छ ।

## अध्यादेश...


छ ।

गजेन्द्रनारायण सिंहको शालिक रहेको राजविराजस्थित गजेन्द्र चोक र शहीद दशनचोकमा जनता समाजवादी पार्टी नेपालका नेताहरूले मैनबत्ती प्रजवलन गरेका छन् । कार्यक्रममा महन्थ ठाकुर र राजेन्द्र महतो समर्थित जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवसहित जिल्लाका नेताको सहभागिता थियो । जसपाको मूल मागका रूपमा रहेको नागरिकतासम्बन्धी अध्यादेश जारी भएको खुशियाली मनाइएको जिल्ला समन्वय समितिका प्रमुख यादवले बताए । यसैगरी राष्ट्रिय एकता अभियानले पनि मैनबत्ती प्रज्वलन गरी खुशीयाली मनाएको छ । नागरिकतासम्बन्धी अध्यादेशले जन्मसिद्ध नागरिकका छोराछोरीलाई वंशजको नागरिकता दिने र बाबुको पहिचान नभएका नेपाली महिलाका सन्तान र जन्मसिद्धका छोराछोरीलाई वंशजको नागरिकता दिनेव्यवस्थागरेकोकानून,न्यायतथा संसदीयमामिलामन्त्री लीलानाथ श्रेष्ठले बताएका छन् । संविधानले नै जन्मसिद्धका सन्तानलाई वंशजका आधारमा नागरिकता दिने व्यवस्था गरेबमोजिम संविधानले प्रत्याभूत गरेका अधिकारबाट नागरिकलाई वञ्चित गर्नु हुँदैन भनेर अध्यादेश ल्याउनु उपयुक्त भएको नेकपा (एमाले) का नेता अशोक यादवले बताए ।


देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# खोपको लागि सबै ध्यान लगाउ

प्रतिनिधिसभा विघटनले राजनीतिक दलहरूबीच ध्रुवीकरण भएको छ । प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्या देवी भण्डारीको कदम असंवैधानिक भएको भन्दै विपक्षी दलहरू सर्वोच्च अदालत जाने भएका छन।सर्वोच्चमा २५ वटा रिट प्रतिनिधिसभा विघटनको विरुद्ध पुगेका छन । दर्ता हुन बाँकी रहेको हुँदा रिटलाई हल्का बनाउन खोजिएको छ। राजनीतिक दलले कोभिड महामारी विरुद्धको लडाइँमा लाग्नुपर्ने बेला सडकमा पुत्ला जलाउने, प्रदर्शन गरेर कोरोना भाइरस फैलाउन सघाएका छन। विगतमा राजनीतिक दलका प्रदर्शन र विवाह, पुजा, जात्रा गरेर संक्रमण फैलाउने अपराध गरेका छन । अझै नेपाली जनतालाई जोखिममा पार्ने गतिविधि शुरु भएका छन।

राजनीतिक दल र नेताको ध्यान सत्ता बाहेक केही छैन भन्ने उनीहरूका गतिविधिले स्पष्ट पारेको छ । जनताले कोभिडबाट वचन खोप, स्वास्थ्य सुरक्षाको पालना गराउन माग गरेका छन । संक्रमितको लागि उपचार,अस्पतालमा वेड, अक्सिजनको माग जनताले राखेका छन । राज्यले नागरिकले राखेको आधारमा होइन सरकारको जिम्मेवारी हो । जनताको आवाज बुझेर प्रधानमन्त्री ओलीले सरकारको सम्पूर्ण ध्यान कोभिड नियन्त्रणमा रहेको दोहोऱ्याएका छन । भरसक रोग सर्नै नदिने, सरिहालेमा उपयुक्त उपचार र खोपको व्यवस्थापन गर्न सरकार लागेको प्रष्ट पारेका छन।

प्रधानमन्त्री ओलीले कोभिड खोपका लागि छिमेकी मुलुक चीन, भारत, अन्य मुलुक बेलायत, रुस, अमेरिका लगायत मुलुकसँग सरकारले पहल गरेको भए पनि नआउँदा सम्म जनताले ढुक्क हुने अवस्था रहन्न । भ्याक्सिन ल्याउने क्रम जारी रहेकाले निकट भविष्यमा पर्याप्त भ्याक्सिन आइपुग्ने विश्वास प्रधानमन्त्रीको छ। अक्सिजन सिलिण्डर, भेन्टिलेटरको समस्या समाधान नभएपनि विदेशबाट सहयोग आउने प्रतिबद्धता भएको छ। जनताको ज्यान जोगाउन सरकारले सबै शक्ति परिचालन गरेको छ। अहिले महामारीको ग्राफ तल झर्ने अवस्थामा रहेपनि चाँडै नियन्त्रणमा आउने छाँट देखिएको छैन।

नेपालको तत्काल भ्याक्सिन उत्पादन गर्न सक्ने अवस्था नरहे पनि दक्षिण एसियामा भारतपछि दोस्रो मुलुक नेपालले भ्याक्सिन (खोप) लगाउने काम गरेको छ । कोभिड नियन्त्रणमा निजी क्षेत्रसँग पनि सहकार्य भएको हुँदा जनतामा सरकारप्रति विश्वास बढाउँछ । कोभिड विरुद्धको लडाइँमा सबैलाई एकजुट भएर लाग्न प्रधानमन्त्री ओलीको आह्वान छ। महामारी अचानक आउने चिज भएकाले व्यवस्थापनमा केही समस्या परे पनि सरकारले नियन्त्रणका लागि सबै शक्ति परिचालन गरिसकेको छ। नेपालले कोभिडलाई नियन्त्रण गर्न शुरुमै लकडाउन, सामाजिक दूरी कायम गर्नेदेखि स्वास्थ्य सचेतनामा कडाइका साथ लागू गर्दा विकराल रुप लिन पाएको थिएन । पछिल्लो समय राजनीतिक, धार्मिक तथा खुला सिमानाका कारण आवतजावत सघन हुँदा कोभिड तीव्ररुपले फैलिएको सरकारको स्वीकार गरेको छ। अहिले स्वास्थ्य सामग्री पर्याप्तरुपमा आइसकेको र खोपको व्यवस्थापन हुन सकेमा डराउने अवस्था रहदैन।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शारिरीक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शत्रुको भय | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पिसिआर रिपोर्ट नआउँदा समस्या

**पोखरापत्र संवाददाता**
**पर्वत, ९ जेठ**

यहाँबाट कोरोना आशङ्कामा परीक्षणका लागि पठाएका स्वाबको नतिजा लामो समयसम्म नआउँदा समस्या हुन थालेको छ। जिल्लाबाट पठाइएका करीब २५० को सङ्ख्याका स्वाबको नतिजा आउन बाँकी छ। गत वैशाख २८ गतेदेखि यताका स्वाबको नतिजा नआउँदा जाँच गराएका व्यक्ति अन्योलमा परेका छन् भने व्यवस्थापकीय जिम्मेवारीमा रहेका निकाय पनि अन्योलमा छन्।

कुश्मा नगरपालिकाका स्वास्थ्य संयोजक उमाकान्त सापकोटाका अनुसार एक हप्तादेखि १० दिनसम्मका रिपोर्ट अझै आएका छैनन् । उहाँले कुनै उपाय नदेखेपछि फेसबुकमार्फत सरकारलाई ध्यानाकर्षण गराउनुभएको छ। सङ्क्रमितको आशङ्कामा परीक्षण गरिएको रिपोर्टको नतिजा ढिलो आउँदा आफूहरू अन्योलमा रहेको सापकोटाले बताउनुभयो।

प्रयोगशालाले ढिलो रिपोर्ट दिँदा कन्ट्याक्ट ट्रेसिङको कुनै अर्थ नरहने सापकोटाको गुनासो छ। सङ्क्रमणको आशङ्का गरिएकाहरू समुदायमा घुलमिल भइसके । अलिअलि रुघाखोकी लागेका पनि निको भइसकेका छन् । विश्व स्वास्थ्य सङ्गठनले कोरोना सङ्क्रमित भएको १० दिनपछि एकले अर्कोलाई सर्दैन र गम्भीर लक्षण पनि देखिँदैन भनेर भनेको छ। सातदेखि १० दिनअगाडि पठाएका स्वाबको नतिजा अब आउँदा पोजेटिभ आयो भने उनीहरू सङ्क्रमितसरह मानिने कि नमानिने बहसको विषय बनेको छ । कुश्माका ९७, बिहादीका ६७, फलेवासका र १०२ जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । कोरोना परीक्षणको नतिजा ढिलो आउँदा आम मानिसमा चिन्ता बढेको छ। कुश्मा-१२ का वडाध्यक्ष राजेन्द्र पौडेलले रिपोर्ट ढिलो आउँदा मानिसले फोन गरेर हैरान पार्न थालेका बताउनुभयो । स्वास्थ्य निर्देशनालय र प्रयोगशालामा थन्किएका स्वाबको परीक्षण भए/नभएका बारेमा जानकारी नभएपछि उहाँले केही दिन पर्खिनुहोस् भन्ने बाहेक कुनै जवाफ नभएको जानकारी दिनुभयो। स्वास्थ्य निर्देशनालय पोखराका निर्देशक विनोदविन्दु शर्माले धेरै जिल्लाबाट स्वाब बढी मात्रामा आउँदा प्रयोगशालामा लोड भएकाले नतिजा दिन ढिला भएको बताउनुभयो । उहाँले केही रिपोर्ट पोखराबाट काठमाडौँको प्रयोगशालामा पनि पठाइएको र त्यहाँबाट रिपोर्ट दिन झनै ढिलो हुँदा समस्या भएको सुनाउनुभयो।

# संक्रमितलाई पौष्टिक आहार र स्वास्थ्य सामग्री

**-कृष्ण न्यौपाने**
**दमौली, ९ जेठ (रासस)**

विभिन्न स्थानीय तहका जनप्रतिनिधि पौष्टिक आहार र स्वास्थ्य सामग्री लिएर कोरोना सङ्क्रमित भेट्न पुगेका छन् । सङ्क्रमितको स्वास्थ्य अवस्थाबारे जानकारी लिने उद्देश्यले जनप्रतिनिधिले सो अभियान थालेका हुन्।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा सङ्क्रमितलाई भेट्न स्वास्थ्य सामग्रीसँगै घरघरमै पुग्नुभएको छ । बन्दीपुर-२ र ३ का ३५ घरमा पुगेर सङ्क्रमितको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै मास्क र केही औषधि वितरण गरेको उहाँले जानकारी दिनुभयो । "सङ्क्रमितको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै हौसला बढाउन घरदैलो गरिएको हो", उहाँले भन्नुभयो, "सबैको स्वास्थ्य अवस्था सामान्य नै छ।"

बन्दीपुर-३ रामकोटका सङ्क्रमित विकास निर्माण कार्यमा सहभागी भएका छन् । चार सङ्क्रमित घरबासको प्रवेशद्वार निर्माणमा खटिएका छन्। स्वास्थ्य मापदण्ड अपनाई दूरी कायम गरी उनीहरू विकास निर्माणका काममा खटिएको अध्यक्ष थापाले जानकारी दिनुभयो। शुक्लागण्डकी नगरपालिका-८ ले सङ्क्रमितलाई घरमै पुगेर पौष्टिक आहार वितरण गरेको छ । सङ्क्रमितलाई हौसला बढाउन र स्वास्थ्य अवस्था बुझ्न वडाले घरमै पुगेर पौष्टिक आहार प्रदान गरेको हो।

स्वास्थ्यकर्मी, टोलका अध्यक्षको सहभागितामा होम आइसोलेशनमा रहेका सङ्क्रमितलाई स्वास्थ्य अवस्था बुझ्दै भिटामिन सी, भिटामिन बी कम्प्लेक्स, मास्क, स्यानिटाइजर, थर्मोमिटर, अक्सिमिटर, ग्लोभ्स, प्यारासिटामोलका साथै हर्लिक्स, जुस प्रदान गरिएको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो । होम आइसोलेशनका लागि राज्यले तोकेको न्यूनतम मापदण्डसमेत पुऱ्याउन नसक्दा पनि जनता आफैँ स्थानीय स्रोतसाधन प्रयोग गरेर बसेको उहाँले बताउनुभयो । "छिमेकी र समाजले हेयको नजरले हेरेको बेला जनप्रतिनिधि तथा स्वास्थ्यकर्मी पुगेर हौसला प्रदान गर्दा उहाँहरूले खुशी व्यक्त गर्नुभयो", उहाँले भन्नुभयो । यस वडामा १० जना सङ्क्रमित होम आइसोलेशनमा छन्।

यसैगरी जिल्लाको देवघाट गाउँपालिकाभित्र सङ्क्रमित भएकाको हौसला बढाउन गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले घरदैलो अभियान शुरुआत गर्नुभएको छ । सङ्क्रमणपछि होम आइसोलेशनमा रहेका सर्वसाधारणको अवस्था बुझ्न घरदैलो अभियान शुरु गरेको उहाँले बताउनुभयो। "होम आइसोलेशनमा रहँदा स्वास्थ्य अवस्था के कस्तो छ भन्ने जानकारी लिन घरघरमै पुग्ने अभियान शुरु गरेका हौँ", उहाँले भन्नुभयो, "यसले सङ्क्रमितको हौसला बढाउन पनि सहयोग पुग्ने विश्वास लिएको छु।" घरदैलोमा पुग्दा सङ्क्रमितलाई आवश्यक स्वास्थ्य सामग्रीसमेत प्रदान गर्ने गरिएको छ। सामाजिक दूरी कायम गरी सङ्क्रमितलाई भेट्ने गरिएको छ।

देवघाटमा हाल १२ सक्रिय सङ्क्रमित छन् । सङ्क्रमितमध्ये देवघाट -५ मा १०, देवघाट-१ र २ मा एक/एक जना छन् । सबै सङ्क्रमित होम आइसोलेशनमा रहेको र स्वास्थ्य अवस्था सामान्य रहेको गाउँपालिकाका स्वास्थ्य शाखाप्रमुख प्रदीप बुढाथोकीले जानकारी दिनुभयो।

देवघाटलाई कोरोनाबाट सुरक्षित राख्न विभिन्न प्रवेश नाकामा अनावश्यक रूपमा आवतजावत गर्नेलाई प्रवेश निषेध गरिएको छ । देवघाट-५ भित्र धार्मिक तथा पर्यटकीय देवघाटधाम रहेको र तीर्थालुको आवतजावत हुन सक्ने भएकाले सम्भावित प्रवेश नाकाहरूमा कडाइ गरिएको वडाध्यक्ष यालबहादुर गुरुङले जानकारी दिनुभयो।

तनहुँको आँबुखैरेनी गाउँपालिकाले कोरोना सङ्क्रमितको स्वास्थ्य अवस्था बुझ्न घरदैलो गरेको छ। कोरोना सङ्क्रमण भएर होम आइसोलेशनमा बसेका सङ्क्रमितको हौसला बढाउन र स्वास्थ्य अवस्थाबारे जानकारी लिन गाउँपालिकाले घरदैलो गरेको हो।

गाउँपालिकाका अध्यक्ष थापा, स्वास्थ्य शाखाप्रमुख उपाध्याय, वडा नं ३ का सदस्य दिनेश केसी लगायतको टोलीले सङ्क्रमितलाई दूरी कायम गरी भेटघाट गरी स्वास्थ्य अवस्थाबारे जानकारी लिएको हो।

# अन्तरराष्ट्रियस्तरको 'टेलिमेडिशिन'

**- खेमराज गौतम**
**गलकोट, ९ जेठ (रासस)**

कोरोना कहरका कारण विभिन्न माध्यमबाट समेत मनोपरामर्श र औषधि उपचारसमेत भइरहेको अवस्थामा बागलुङ नगरपालिकामा भने अन्तरराष्ट्रियस्तरको स्वास्थ्य सेवा प्रदान गर्न 'टेलिमेडिशिन' कार्यक्रम ल्याइएको छ।

सो नगरपालिकाको पहलमा यो पाइलट प्रोजेक्टका रूपमा शुरु हुन थालेको नगर स्वास्थ्य शाखाले जनाएको छ । उक्त कार्यक्रमले जटिल प्रकारका समस्या गाउँकै स्वास्थ्य चौकीबाट समाधान गरिनेछ। अनलाइनमार्फत विदेशी विशेषज्ञ चिकित्सकसमेत उपचार तथा परामर्शमा सहभागी हुनेछन्।

यसबाट जटिल तथा दीर्घरोगीले बढी स्वास्थ्य सेवा तथा परामर्श पाउने नगरपालिकाको अपेक्षा छ । नगरपालिका, एनआरएन युके र अन्तरराष्ट्रिय बागलुङ समाजले संयुक्त सहकार्यमा नगरपालिकामा नमूनाका रूपमा उक्त 'टेलिमेडिशिन' कार्यक्रम शुरु हुन थालेको बताइएको छ।

कुनै पनि स्वास्थ्यसम्बन्धी जटिल समस्या आएमा स्थानीय स्वास्थ्यकर्मीले काठमाडौँ तथा पोखरा सिफारिस गर्नुपर्ने अवस्था रहँदै आएकामा अनलाइन माध्यमबाट विभिन्न देशमा रहेका विषय विशेषज्ञ चिकित्सकको सल्लाह एवं परामर्शमा औषधि उपचार तथा परामर्श गर्ने कार्यक्रम नै 'टेलिमेडिशिन' कार्यक्रम रहेको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक रामप्रसाद खनालले बताउनुभयो । नगरपालिकामा स्वास्थ्यको पहुँच बढाउन 'टेलिमेडिशिन' कार्यक्रम ल्याउनका लागि सहजीकरण गरिएको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । एनआरएनए अन्तरराष्ट्रिय समितिका महासचिव एवं अन्तरराष्ट्रिय बागलुङ समाजका सल्लाहाकार डा हेमराज शर्मा तथा चार भञ्ज्याङ तमु समाज युकेका अध्यक्ष चन्द्र गुरुङको पहलमा सो नगरपालिकामा नमूनाका रूपमा कार्यक्रम सञ्चालनमा आउनेछ।

यो कार्यक्रम प्रभावकारी हुँदै आएमा जिल्लाको दुर्गम पालिका ढोरपाटन, बडिगाडलगायतमा समेत शुरु गरिने अन्तरराष्ट्रिय बागलुङ समाजका कार्यालय प्रमुख सुरेन्द्र कँडेलले जानकारी दिनुभयो। चार भञ्ज्याङ तमु समाज युकेले हाल पर्वतको फलेवास नगरपालिकामा सन् २०१३ बाट टेलिमेडिशिन सेवा सञ्चालन गरिसकेको छ । टेलिमेडिशिन सेवाका माध्यमबाट बिरामीको उपचारमा अन्तरराष्ट्रियस्तरको पहुँच राख्न सकिनेछ।

अन्तरराष्ट्रिय रूपमा ख्यातिप्राप्त विशेषज्ञलाई अनलाइनमार्फत रोगको जानकारी र लक्षणसहितको रिपोर्ट पठाउने तथा सम्बन्धित रोगको विशेषज्ञले औषधि उपचार र परामर्श अनलाइनमार्फत पठाउने गर्दा दुरदराजमा रहेका दीर्घरोगीलाई निकै फाइदा पुग्नेछ।

उक्त 'टेलिमेडिशिन' कार्यक्रममा विभिन्न देशका ७६६ मेडिकल प्रोफेसर जोडिने बताइउको छ। उहाँहरूले बिरामीको अवस्था बुझेर सल्लाह, सुझाव, औषधि तथा उपचार विधि अनलाइनमार्फत स्थानीय स्वास्थ्यकर्मीलाई पठाउने छन् । स्थानीय स्वास्थ्यकर्मीले अनलाइनमार्फत आएका सुझाव तथा उपचार विधि अपनाएर सेवा दिने छन् । उक्त नगरपालिकामा एउटा 'टेलिमेडिशिन'को अनलाइन डेस्क स्थापना हुन्छ र त्यसमा नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामार्फत आएका जिज्ञासा 'टेलिमेडिशिन'मा राखेपछि सम्बन्धित रोगका विषयमा सम्बन्धित विशेषज्ञले उपचार पद्धति डेस्कमा पठाएपछि स्वास्थ्यकर्मीले सोही अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने जनाइएको छ।

# प्रेस युनियनले सञ्चारकर्मीका लागि राहत कोष स्थापना गर्ने

**रासस**
**काठमाडौं, ९ जेठ**

नेपाल प्रेस युनियनले कोभिड-१९ बाट प्रभावित सञ्चाकर्मीलाई सहयोग पुऱ्याउने उद्देश्यले राहत कोष स्थापना गर्ने निर्णय गरेको छ। यही जेठ १३ गते युनियनको स्थापना दिवसका दिन राहत कोषको घोषणा गरिने युनियनले जनाएको छ।

प्रेस युनियन केन्द्रीय कार्यसमितिको जुमप्रविधिमार्फत आइतबार सम्पन्न बैठकले रिर्पोटिङमा काम गर्ने सबै सञ्चारकर्मीका लागि विशेष व्यवस्था गर्न सरकारसँग माग समेत गरेको अध्यक्ष बद्री सिग्देलले जानकारी दिनुभयो । बैठकले कोभिड-१९ बाट सङ्क्रमित सबै सञ्चारकर्मी तथा आमनागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सुरक्षा सावधानी अपनाएर रिपोटिङ गर्ने व्यवस्था मिलाउन सञ्चार गृहलाई र स्वयम् पत्रकारलाई पनि सचेत रहन आग्रह गरेको छ।

बैठकले यही जेठ १३ र १४ गतेका लागि निर्धारित प्रेस युनियनको केन्द्रीय महाधिवेशन कोभिड-१९ का कारण हाललाई स्थगित गर्ने र सहज परिस्थिति भएपछि शीघ्र महाधिवेशन गर्ने निर्णय गरेको छ । युनियनले प्रधानमन्त्रीले संविधानको मर्मविपरित दोस्रोपटक संसद विघटन गर्नुभएको निष्कर्ष निकाल्दै वैकल्पिक सरकारको बाटो रोक्ने र संसद विघटन गर्ने कार्य भएकामा आपत्ती जनाएको छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रतासहित नागरिक अधिकारको रक्षाका लागि एकजुट भई आन्दोलनमा आ-आफ्ना क्षेत्रबाट उत्रिन सम्पूर्ण पेशागत सङ्घसंस्था, नागरिक समाज र राजनीतिक दललाई युनियनले आह्वान गरेको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**स्वः गणेश पौडेल**

हाम्रा आत्मीय सञ्चारकर्मी मित्र **गणेश पौडेल** को मिति २०७८ बैशाख २९ गते असामयीक अकल्पनीय दुःखद निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**

# कोरोना नियन्त्रणमा जुटे म्याग्दीका स्थानीय तह

– ध्रुवसागर शर्मा
म्याग्दी, ९ जेठ (रासस)

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना सङ्क्रमणको नियन्त्रणका लागि स्थानीय तहहरूमा आशा लाग्दा सङ्केतहरू देखिन थालेका छन् ।नयाँ भेरियन्टसहितको दोस्रो लहरको कोभिड-१९ सङ्क्रमण तीव्ररूपमा फैलिइरहँदा म्याग्दीका स्थानीय तहको तयारी र सक्रियता प्रशंसनीय एवं प्रभावकारी देखिएको छ।

गाउँगाउँमा कोरोना फैलिएपछि जिल्लाका सबै स्थानीय तहले समुदायस्तरमै पुगेर स्वाब सङ्कलन गर्ने, कोरोनाका लक्षण देखिएकालाई तत्कालै एन्टिजेन परीक्षण गर्ने, घरदैलोमा अनुगमन तथा सङ्क्रमतिसँग भेटघाट गर्ने, औषधि वितरणका साथै सिकिस्त बिरामीलाई एम्बुलेन्समार्फत अस्पतालमा लैजाने गरेका छन्।

कोरोनाको पहिलो लहरमा रोकथाम, नियन्त्रण र उपचारभन्दा बढी प्राथमिकता खाद्यान्न वितरणमा व्यस्त भएका जनप्रतिनिधिले दोस्रो लहरमा उपचार र रोकथाममै बढी ध्यान केन्द्रित गरेका छन् । बेनी नगरपालिकाले वडास्तरमै पुगेर स्वाब सङ्कलन गरिरहेको छ भने बिरामीको उपचारमा नगरप्रमुखले दिएको दुई निजी सवारी साधन, भाडामा र नगरपालिकाको स्वामित्वमा रहेको सवारी साधनसमेत प्रयोग गरेको छ।

सदरमुकाम बेनीबजार रहेको वडा नं ७ र ८ बाहेक सबै वडामै पुगेर स्वाब सङ्कलनलाई नगरपालिकाले प्राथमिकता दिएको प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले बताउनुभयो । कोरोनाको सबैभन्दा बढी सङ्क्रमित नगरपालिकाभित्रै भेटिएपछि यसपटक नगरपालिका समुदायस्तरमै विभिन्न माध्यमबाट पुगेको उहाँको भनाइ छ।

होम आइसोलेशनमा बसेका सङ्क्रमितलाई भेट्न वडास्तरमा स्वास्थ्यकर्मीसहितको टोली समेत परिचालन गरिएको छ। नगरपालिकाले बेनी अस्पताललमा आइसोलेशन कक्ष बनाउनकरिब रु ७ लाख सहयोग गरेकाले होम आइसोलेशनमा सिकिस्त भएका सङ्क्रमतिलाई अस्पतालमा भर्ना गरी उपचारको व्यवस्था मिलाइएको छ । उता पश्चिम म्याग्दीको मङ्गला गाउँपालिकाले वडास्तरमा स्वाब सङ्कलन, नियमित अनुगमन तथा कोरोनाको लक्षण देखिएकालाई निःशुल्क एम्बुलेन्स सेवा, सङ्क्रमितको अवस्था बुझ्न स्वास्थ्यकर्मीसहितको टोली घरघरमापुग्नेगरेकोप्रमुखप्रशासकीय अधिकृत मनोहर ढुङ्गानाले जानकारी दिनुभयो।

त्यसैगरी मालिका गाउँपालिकाले समेत संस्थागत आइसोलेशन, स्वाब सङ्कलन तथा सङ्क्रमणबाट समुदायलाई जोगाउन आवश्यक विभिन्न गतिविधिहरू गरिरहेको छ । हरेक वडाका सङ्क्रमितको अवस्था बुझ्न र जनस्वास्थ्यका मापदण्डको पालनामा ध्यान दिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले बताउनुभयो । "कोरोनाका लक्षण देखिएका बिरामीको उपचारका लागि समुदायस्तरबाट सहयोग जुटेको छ भने जनप्रतिनिधिसमेत निरन्तर खटिनुभएको छ", उहाँले भन्नुभयो । त्यस्तै धवलागिरि गाउँपालिकाले सङ्क्रमण फैलिएको बस्तीमा कोरोना परीक्षणको दायरालाई फराकिलो पारेको छ। सबैभन्दा जोखिम रहेको वडा नं २ लुलाङमा पटकपटक कोरोना अस्थायी अस्पतालका चिकित्सकसहित जनप्रतिनिधिको टोली पुगेको छ ।त्यस्तै अन्य वडामा समेत लक्षण देखिनेबित्तिकै स्बाब सङ्कलन र एन्टिजेन परीक्षण गरिरहेको गाउँपालिकाले जनाएको छ । रघुगङ्गा गाउँपालिकाले बस्तीमै पुगेर कोरोना परीक्षणसहित सङ्क्रमितलाई होम आइसोलेशन र संस्थागत आइसोलेशनमा राखेर उपचार गरिरहेको छ ।रघुगङ्गामा सङ्क्रमितको शरीरमा आवश्यक अक्सिजनको अभाव हुन नदिन गाउँपालिकाको आफ्नै र रघुगङ्गा जलविद्युत् आयोजनामार्फत व्यवस्थापन गरी ४० सिलिण्डर तयारी अवस्थामा राखेको छ । त्यस्तै गाउँपालिकाभित्रका सबै वडामा पुगेर सङ्क्रमितको अवस्था बुझ्ने र निःशुल्क औषधि वितरणलाई समेत जोड दिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभएको छ । "हरेक सङ्क्रमितसँग स्वास्थ्यकर्मीको नियमित सम्पर्क छ,समुदायस्तरमै पुगेर धेरै काम भएका छन्, समुदायले सङ्क्रमितलाई निःशुल्क भोजनको व्यवस्थापन मिलाएकाले धेरै सहज भएको छ", सुवेदीले भन्नुभयो।

त्यस्तै अन्नपूर्ण गाउँपालिकाले अस्थायी कोरोना अस्पताललाई व्यवस्थित र प्रभावकारी बनाएको छ भने सङ्क्रमितको पहिचान, उपचार तथा मृत्यु भएमा शव व्यवस्थापनलाई गाउँपालिकाले व्यवस्थित बनाएको छ ।कोरोनाको अस्थायी अस्पतालमा उपचार हुन नसकेपछि चिकित्सकमार्फत बेनी अस्पतालमा समन्वय गर्ने तथा शङ्कास्पद बिरामीलाई तत्कालै स्वाब सङ्कलन गरी घरमा अन्य सदस्यभन्दा अलग्गै बस्न स्वास्थ्यकर्मीको टोली जनप्रतिनिधिसँगै पुग्ने गरेका छन् ।कोरोनाको पहिलो लहरमा गत वर्ष राहतमा खर्च भएपनि यस वर्ष कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले समेत सङ्क्रमण फैलिन नदिन र सङ्क्रमतिको उपचारमै केन्द्रित हुन स्थानीय तहलाई अनुरोध गरेको थियो।

यस वर्ष स्थानीय तहको सक्रियताकै कारण पिसिआरका लागि स्वाब सङ्कलन, सङ्क्रमितलाई आइसोलेशन र अस्पतालमै पुऱ्याउने तथा कन्ट्याक्ट ट्रेसिङमा परेकालाई समेत होम आइसोलेशनमा राख्नका लागि टोलबासीसँग समन्वयकारी भूमिकाले सहज भएको स्वास्थ्य कार्यालय म्याग्दीले जनाएको छ।

यसपटक स्थानीय तहको तयारी लोभलाग्दो रहेको कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका संयोजक एवं प्रजिअ गणेशबहादुर अधिकारीले बताउनुभयो । उहाँले सङ्क्रमितको ट्रेसिङ, परीक्षण र उपचारमा स्थानीय तहको सक्रियताबाट आफू उत्साहित रहेको बताउनुभयो । "कतै कमीकमजोरी भए तत्काल सुधारका लागि अनुरोध गर्ने गरेका छौं,जनप्रतिनिधि कोभिड नियन्त्रणमै होमिनुभएको छ", प्रजिअ अधिकारीले भन्नुभयो । विभिन्न जिल्लाबाट सदरमुकाम बेनी प्रवेश गर्नेलाई लक्षित गरी तयार गरिएको होल्डिङ सेन्टरबाट स्थानीय तहमा पुगेकालाई समेत निगरानीमा यसपटक धेरै चासो दिइएको छ। म्याग्दीका स्थानीय तहले स्वाब सङ्कलनलाई तीव्रता दिएकाले समेत गण्डकी प्रदेशमा धेरै स्वाब सङ्कलन हुने जिल्लाभित्र समेत म्याग्दी पर्ने गरेको छ । म्याग्दीमा शनिबार साँझसम्म एक हजार ३०१ कोरोना सङ्क्रमितरहेका छन्।

# कोरोनाबाट मृत्यु हुनेको परिवारलाई १० हजार

पोखरापत्र संवाददाता
तनहुँ, ९ जेठ

तनहुँको व्यास नगरपालिकाले कोरोनाबाट मृत्यु हुने विपन्न परिवारलाई रु १० हजार उपलब्ध गराउने निर्णय गरेको छ।

शुक्रबार बसेको कार्यपालिका बैठकले कोरोना सङ्क्रमणबाट मृत्यु हुने विपन्न परिवारलाई शवबाहन र काजकिरीया खर्चवापत जनही रु १० हजार उपलब्ध गराउने निर्णय गरेको हो । सम्बन्धित वडाको सिफारिशमा मृत्यु भएकाको परिवारलाई राहत दिने निर्णय भएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । त्यस्तै कोभिड-१९ सङ्क्रमित भई उपचाररत विपन्न एवं मजदुर परिवारलाई रु पाँच हजार उपचार एवं सुविधा उपलब्ध गराउने निर्णय भएको श्रेष्ठले बताउनुभयो।

नगरपालिकामा हालसम्म ६१६ जनाको पिसिआर परीक्षण गरिएकामा ४३३ जनाको प्रतिवेदन आउँदा २९१ सङ्क्रमित भएका छन् । त्यसमध्ये १० जनाको मृत्यु भएको छ। त्यस्तै ५९ सङ्क्रमणमुक्त भएका छन् । दुई सय २२ जनाको सामुदायिक आइसोलेशन, दमौली अस्पताल, जिपी कोइराला श्वासप्रश्वास अस्पताल र होमआइसोलेशनमा उपचार भइरहेको छ।

साथै १८३ जनाको रिपोर्ट आउन बाँकी रहेको नगरपालिकाले जनाएको छ। सबै पालिकाहरूको सहभगितामा गत वर्षको प्रतिबद्धताअनुसार व्यास-१० दुम्सीबजारस्थित आधारभूत स्वास्थ्य केन्द्र रहेको भवनमा पिसिआर परीक्षण प्रयोगशाला निर्माण गर्न भएको निर्णय बैठकले अनुमोदन गरेको छ । उक्त भवनमा खरिद ऐनअनुसार खरिद एवं निर्माण प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय भएको छ।

आगामी वार्षिक कार्यक्रममा नगरपालिकाको नगर अस्पताल स्थापना गर्न र आफ्नै अक्सिजन प्लान्ट निर्माण गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सहकार्यका लागि आह्वान गर्ने निर्णयसमेत बैठकले गरेको छ।

# जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट स्थापना

पोखरापत्र संवाददाता
लमजुङ, ९ जेठ

यहाँस्थित जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गरिएको छ। बेँसीशहर नगरपालिका-८ मा रहेको जिल्ला अस्पतालमा गएराति १०:०० बजे प्लान्ट जडान गरेर स्थापना गरिएको हो।

अस्पताल प्रमुख हेमन्त श्रेष्ठले भन्नुभयो, "दिउँसोबाट शुरु गरेर राति अक्सिजन प्लान्ट जडान गरिसक्यौँ, प्लान्ट स्थापना भइसके पनि हाल प्लान्ट निर्माण गरिएको घरको छानो हाल्ने काम आज सकिन्छ, त्यसपछि अब दुई दिनभित्रै वितरण गर्ने तयारीमा छौँ ।" अक्सिजन उत्पादन गर्न शुरु गरेकाले प्लान्टले अब भने अस्पताललाई कोरोना सङ्क्रमितको उपचारमा विगतका भन्दा धेरै सहज हुने उहाँको भनाइ छ । जिल्लामा शनिबार बिहान प्लान्टका निर्माण सामग्री आइपुगेपछि दिउँसोबाट जडान कार्य थालनी गरेको थियो।

यस अक्सिजन प्लान्टले दैनिक १५ सिलिण्डर अक्सिजन उत्पादन गर्नेछ । यहाँ उत्पादित अक्सिजनलाईपाइपलाइनमार्फत इमर्जेन्सी, आइसियु, आइसोलेशन, अन्तरङ्ग (वार्ड) र प्रसूति वार्डमा पठाउने तयारी भएको साथै अस्पतालका ८३ शय्यामा नै पाइपलाइन जोड्ने अस्पतालले जनाएको छ । तत्कालका लागि भने कोरोना सङ्क्रमितलाई प्राथमिकता दिँदै २५/३० शय्यामा मात्र वितरण गर्ने अस्पताल प्रमुख श्रेष्ठको भनाइ छ। अस्पतालमा अक्सिजनसहितको २५ शय्या आइसोलेशनको रहेको छ। यहाँ हाल ५० अक्सिजन सिलिण्डर रहेको बताइएको छ । यहाँ यतिबेला १७ कोरोना सङ्क्रमित उपचारत रहेको अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार उनीहरूलाई दैनिक १७ वटा अक्सिजन आवश्यक पर्ने र पोखराबाट अक्सिजन भरेर ल्याउने गरिएको छ।

स्वास्थ्य कार्यालय प्रमुख अमर दवाडीले भन्नुभयो, "अक्सिजन प्लान्टका लागि गण्डकी प्रदेश सरकारले गत मङ्सिर महिनामा रु ७५ लाख पठाएको थियो, सोही बेलाबाट ठेक्का प्रक्रिया शुरु गरेर रु ५५ लाखमा प्लान्ट ल्याउने जिम्मा ओटु कन्सर्नलाई दिइएको थियो।

# कवितामा क्रान्ति ल्याउने कवि : युगकवि

–पूर्णप्रसाद न्यौपाने
काठमाडौं, ९ जेठ (रासस)

युगकवि सिद्धिचरण श्रेष्ठको ११० औँ जन्मजयन्ती। विसं १९६९ जेठ ९ गते आजकै दिन ओखलढुङ्गामा जन्मनुभएका श्रेष्ठ नेपाली साहित्य क्षेत्रमा युगकविका नामले जीवन्त परिचित हुनुहुन्छ। श्रेष्ठको २०४९ जेठ २२ गते निधन भएको थियो।

श्रेष्ठ नेपाली कवितामा क्रान्ति शब्दको प्रयोग गर्ने प्रथम क्रान्तिकारी कवि हुनु हुन्थ्यो । नेपाली साहित्य जगतबाट क्रान्ति, परिवर्तन र समतामूलक समाजको परिकल्पना गर्नु हुने उहाँले देशको माटो, नागरिकले लिएको बाटो र राजनीतिमा फैलिएको विकृतिको पाटोलाई केन्द्रमा राखेर आजभन्दा ५० औं वर्षअघि कलम चलाउनुभएको थियो। उहाँ नेपाली समाजमा विकृतिको रूपमा रहेको जातीय विभेद वा छुवाछुत प्रथाका घोर विरोधी हुनुहुन्थ्यो।

चेतना र जागरणका गीत गाउने कार्यमा सिद्धिचरणले तत्कालीन युगमा जति ठूलो योगदान दिनुभयो त्यसको अहिले पनि साहित्यानुरागीहरूले प्रशंसा गर्दछन् । "साहित्यमार्फत समाज रूपान्तरणको बाटो जसरी उहाँले देखाउनुभयो पछिल्लो पुस्ता आज पनि उहाँकै बाटोमा हिडिरहेको छ" साहित्यकार एवम् ओखलढुङ्गा क्याम्पसका प्राध्यापक डा भेषनाथ खनाल भन्नुहुन्छ, "परिवर्तित समाजमा क्रान्तिको उद्धोष गर्ने स्रष्टाहरू जति पनि हुन सक्छन् तर स्रष्टाको मूल्याङ्कन ऊ बाँचेको युग वा उसले गरेको सिर्जनाको युगीन धरातलबाट हुनुपर्छ। यस आधारमा हेर्दा कवि सिद्धिचरणको भूमिका जति प्रशंसा गरेपनि कम हुन्छ।"

सिद्धिचरणले युगान्ताकारी परिवर्तनको बिजारोपण गर्दै कवितामार्फत समाज चित्रण गरेझैं साहित्यमार्फत पछिल्लो पुस्ताले दमदार आवाज बुलन्द गर्न सक्नुपर्ने डा खनालको तर्क छ । सिद्धिचरणले सिर्जनामार्फत राणाकाल, प्रजातन्त्रकाल र पञ्चायतकाल तीनै समयमा एउटै आवाज उठाएको पाइन्छ। साहित्य क्षेत्रबाट सिद्धिचरणको स्मरणमा प्रकाशित सबैजसो लेख, रचनामा उहाँले कल्पना गरेको क्रान्ति, परिवर्तन, जाति, वर्ग, लिङ्ग, धर्म, संस्कृतिलगायत सबैखाले विभेदरहित समतामूलक समाजको स्थापना र प्रत्येक नागरिकमा परिवर्तनको अनुभूति तथा स्वाधीनतापूर्ण नेपाली जीवनको पहिचानलाई सम्झना गरेको पाइन्छ । श्रेष्ठले आफ्नो जन्मभूमिको सम्झनामा लेखेको मेरो पियारो ओखलढुङ्गा कविता निकै चर्चित छ। त्यसबाहेक उहाँका नेपाली भाषा र नेपाल भाषाका गरी दुई दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् । सिद्धिचरणले कविताका विविध रूपअन्तर्गत लघुतम रूप (मुक्तकीय रचना), लघु रूप (फुटकर कविता) र मध्यम रूप (खण्डकाव्य) गरी तीन ओटा रूपमा विशिष्ट कलम चलाएको पाइन्छ। उहाँका कवित्वको चरम प्राप्ति फुटकर रचनामा पाइन्छ भने आख्यान र कवित्वको सन्तुलित मिश्रण खण्डकाव्यमा पाइन्छ।

कवि सिद्धिचरण श्रेष्ठले मुलुकका धेरै राजनीतिक आन्दोलन र परिवर्तनलाई आफ्नै आँखाले देख्नुभयो । उहाँको निधनपछि नेपाली राजनीतिमा निकै ठूलाठूला परिवर्तन भए उहाँले २०१८ साल आसपासमा गरेको कल्पनाभन्दा फरक दिशामा परिवर्तन भएको छैन।

उहाँका 'निर्झर', 'भीमसेन थापा', 'शबरी', 'जूनकीरी' लगायतका मर्मस्पर्शी रचनाहरू पनि उत्तिकै चर्चामा छन् । उहाँका कविता संग्रह 'मेरो प्रतिबिम्ब', 'कोपीला', 'कुहिरो र घाम' लगायत खण्डकाव्यहरू 'उर्वशी', 'ज्यानमारा शैल', 'आँसु' लगायतका कृति छन् । विसं १९९७ सालमा 'क्रान्तिबिना शान्ति हुँदैन' भन्ने कविता लेखेवापत तत्कालीन सरकारले उहाँलाई १८ वर्षको जेल सजाय तोकेको थियो।

ओखलढुङ्गामा जन्मिएका युगकवि श्रेष्ठको नामबाट उहाँको जन्मभूमिमा पूर्ण कदको शालीक राखिएको छ। सो शालिकको गतवर्ष राष्ट्रपति विद्यादेवी भण्डारीले अनावरण गर्नुभएको थियो। श्रेष्ठकै सम्मानमा जिल्लाको एक मात्र नगरपालिकाको नाम सिद्धिचरण नगरपालिका राखिएको छ । यस नगरपालिकाले सिद्धिचरणको योगदानलाई जीवन्त राख्न विशेष योजना ल्याएर नगरपालिका क्षेत्रलाई साहित्यिक पर्यटकीय नगरी बनाउने अभियान थालेको छ। युगकविकै नामबाट साहित्यिक सङ्ग्रहालय स्थापना गरिएको छ भने युगकविको जन्मभूमिमा स्रष्टापार्क निर्माणको काम थालिएको छ। युगकविकै नामबाट सिरहाको मिर्चैया देखि सोलुखुम्बु सम्मको मुख्य सडकको नाम सिद्धिचरण लोकमार्ग राखिएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९३/०९/१२ गते

स्वर्गारोहणः
वि.स. २०७८/०१/२९ गते

स्वः बाल कुमारी कोइराला

यस श्रीपति कोइराला गुठीका पूर्व अध्यक्ष विष्णु चन्द्र कोइरालाको धर्मपत्नी यस गुठीकी सक्रिय सदस्य **बाल कुमारी कोइराला** को ८५ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

लक्ष्मण प्रसाद कोइराला
अध्यक्ष तथा
श्रीपति कोइराला गुठी परिवार